स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता भुवन केसीको निर्देशनमा बनेको फिल्म "बाटुलो जुन"को पहिलो गीत "मेरो मन चोऱ्यौ सुदुवकै" यस अघि सार्वजनिक गरिएको छ। निर्माण पक्षले चाडपर्वलाई लक्षित गरी फिल्मको गीत सार्वजनिक गरेको हो। युग भुसालको शब्द तथा संगीत रहेको गीतमा तृषा चर्जा र हिमांशु जान शर्माको स्वर छ। गीतको भिडिओमा फिल्मका मुख्य कलाकार अनमोल केसी र नव-अभिनेत्री प्रिन्सी खतिवडा फिचर्ड छन्।

आजको विचार...



गोलाखाना ...
(दुई पेजमा)

नवराज बस्याल



ठहन्डै चार दशकदेखि बलिउडमा सक्रिय छन् सलमान खान। कहिले प्रेमिल अभिनेता त कहिले एक्सन अवतारमा देखिने सलमाननाई दर्शकले प्रेमपूर्वक "भाइजान" भन्छन्। ठूलो पर्दादेखि टेलिभिजनसम्म आफ्नो उपस्थिति बलियो बनाएका सलमान चाहिबेला भने अर्को माध्यममा पनि चर्चामा छन्। नेपालमा समेत ठूलो फ्यान फ्लोइङ कमाएका उनले हालै युट्युब च्यानल समेत सुरु गरेका छन्। सलमानले लेखेका छन्, "सुरुदेखि सुरु गरौं। मेरो आधिकारिक युट्युब च्यानल

❐ वर्ष ३२ ❐ अंक १०० ❐ २०८३ कार्तिक १६ गते सोमबार 2 November 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सक्षिप्त समाचार

आक्रमणमा ५ जनाको मृत्यु

काठमाडौं, कार्तिक १५/ भेनेजुएलाको सेनाले सीमा क्षेत्रमा रहेको कोलम्बियाली वामपन्थी विद्रोही समूहको शिविरमा आक्रमण गर्दा कम्तीमा नौ जनाको मृत्यु भएको एक गैरसरकारी संस्थाले जनाएको छ । फन्डारेड्स नामक गैरसरकारी संस्थाका निर्देशक जेभियर टाराजोनाले शनिबार एएफपीलाई बताएअनुसार शुक्रबार भेनेजुएलाको अपुरे राज्यस्थित ग्रामीण क्षेत्रमा रहेको विद्रोही शिविरमा सेनाले आक्रमण गरेको थियो । सन् २०१६ मा कोलम्बियाली विद्रोही समूहसँग भएको शान्ति सम्झौतापछि भेनेजुएलामा भएको यो पहिलो यस्तो आक्रमण भएको उनको दाबी छ ।संस्थाले सार्वजनिक गरेको भिडियोमा जमिनमा शवहरू छरिएका, रूखहरू ढलेका र शिविर रहेको अनुमान गरिएको स्थानमा भग्नावशेष देखिएको छ । संस्थाका एक कर्मचारीले भिडियोमा कम्तीमा नौ वटा शव गणना गरेको टाराजोनाले बताए ।भेनेजुएला सरकारले यस विषयमा टिप्पणीका लागि एएफपीले गरेको अनुरोधको तत्काल जवाफ दिएको छैन ।सन् २०१६ मा कोलम्बियाली सरकारसँग शान्ति सम्झौता गरेपछि ईएलएन ल्याटिन अमेरिकाको सबैभन्दा शक्तिशाली विद्रोही समूहका रूपमा रहेको छ । उक्त सम्झौतामा क्रान्तिकारी सशस्त्र बल (फार्क(एफएआरसी) ले हस्ताक्षर गरेको थियो ।कोलम्बिया र भेनेजुएलाबीच दुई हजार किलोमिटरभन्दा लामो सीमा जोडिएको छ । उक्त सीमावर्ती क्षेत्रमा अन्य विद्रोही समूहहरू पनि सक्रिय छन् । ***-रासस***

सरकारी दरभन्दा सस्तोमा धान बेच्न बाध्य किसान

राष्ट्रिय समाचार समिति (रासस)

दाङ, कार्तिक १५/ दाङमा धान काटेर घरमा भण्डारण गर्ने उपयुक्त ठाउँ नभएपछि स्थानीय किसान सस्तो मूल्यमै धान बिक्री गर्न बाध्य भएका छन् । तिहार मनाउन खर्च व्यवस्थापन गर्नुपर्ने बाध्यता र भण्डारणको समस्याका कारण खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले निर्धारण गरेको भन्दा निकै कम मूल्यमा उनीहरूले धान बेचिरहेका हुन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यस वर्षका लागि मोटा धानको मूल्य प्रतिक्विन्टल ३ हजार ६ सय ६० रुपैयाँ र मध्यम धानको मूल्य ३ हजार ८ सय ६० रुपैयाँ निर्धारण गरेको छ । तर दङ्गीशरण गाउँपालिका-३ रावत गाउँकी किसान माइली चौधरीका अनुसार सरकारी मूल्यभन्दा ५०० देखि ६०० रुपैयाँसम्म सस्तोमा व्यापारीहरूले धान खरिद गरिरहेका छन् । आगो बाध्यता पोख्दै चौधरीले भनिन्, 'यस वर्ष धान प्रशस्त



फलेको छ । खाद्यले उत्पादित धान कहिल्यै खरिद गर्दैन, घरमा भण्डारण गर्ने ठाउँ पनि छैन । तिहारको खर्च जुटाउन पनि गाह्रो भएकाले गाउँका व्यापारीलाई प्रतिक्विन्टर ३ हजारका दरले बिक्री गरिरहेका छौं ।" सरकारले प्रत्येक वर्ष महँगो मूल्यमा धान खरिद गर्ने सुने पनि अहिलेसम्म यहाँका कुनै किसानले सो मूल्य पाउन नसकेको उनको दाबी छ । स्थानीय सरकारले चासो नदिँदा व्यापारीलाई सस्तो मूल्यमा धान बेच्नुपरेको सोही गाउँका अर्का किसान नवीन अधिकारीले बताए । मौसम बिग्रेका कारण आफूसहित गाउँका धेरै किसानले बिहीबार रातभरि ब्रेसर प्रयोग गरी तयार पारेको धान खेतबाटै प्रतिक्विन्टल ३ हजार १०० रुपैयाँका दरले बेचेको उनले जानकारी दिए । वर्षभरिको मिहिनेतमा किसानले घाटा सहनुपरेको भन्दै अधिकारीले अधिकांश मध्यम र निम्नस्तरका किसानले चाडपर्वको खर्च जुटाउन धान बेच्न हतारिएको बताए । सरकारले समर्थन मूल्य तोके पनि व्यापारीले मनपरी भाउ राख्दा किसान मर्कामा परेको उनको भनाइ छ ।


दाङको देउखुरी क्षेत्रका अधिकांश किसानले दसैंअगाडि नै धान भित्र्याइसकेका छन् भने दाङ उपत्यकाका किसानले अहिले धान काट्ने र भित्र्याउने काम गरिरहेका छन् । सरकारी तवरबाट भने धान खरिदको कोटा नतोकिँदा ढिलाइ भएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड तुलसीपुरका निमित्त प्रमुख शक्तिराम डाँगीले केन्द्रबाट धानको मूल्य निर्धारण भए पनि खरिद कोटा अहिलेसम्म नआएको जानकारी दिए । केन्द्रबाट कोटा तोकिएको पत्र आउनासाथ खरिद प्रक्रिया सुरु गर्ने उनले बताए । गत वर्ष देउखुरी क्षेत्रका तीन स्थानीय तहको समन्वयमा धान खरिद गरिएको स्मरण गराउँदै डाँगीले कोटा थोरै हुँदा सबै पालिकामा पुग्न कठिन हुने स्पष्ट पारे । जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार दाङमा कुल ७४ हजार ३३६ हेक्टर खेतीयोग्य जमिनमध्ये ३७ हजार २२५ हेक्टरमा धानखेती गरिएको छ । यसैबिच बंगालको खाडीमा विकसित 'अर्नब' चक्रवातका कारण जिल्लाको मौसम प्रतिकूल बनेपछि खेतमा काटेर राखिएको धान नोक्सान हुने चिन्ता बढेको छ । केही दिनदेखि किसानले धान काटेर सुरक्षित ठाउँमा राख्ने प्रयास गरे पनि सबैतिर भित्र्याउन सकिएको छैन। हिजो बिहानैदेखि जिल्लामा निरन्तर झरी परिरहेकाले किसानहरू थप समस्यामा परेका छन् ।

आजदेखि सरकारी कार्यालय बिहान ५ देखि बेलुका ४ बजेसम्म खुल्ने

हाम्रा संवाददाता

पाल्पा, कार्तिक १५/ आज देखि सरकारी कार्यालयको समय परिवर्तन हुने भएको छ । जाडोयामको समयतालिकाअनुसार सरकारी कार्यालयको समय बिहान ९ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको हो ।

नेपाल राजपत्रमा प्रकाशित गृह मन्त्रालयको सूचनाअनुसार कात्तिक १६ देखि माघ १५ गतेसम्म सरकारी कार्यालयको समय बिहान ९ बजेदेखि अपराह्न ४ बजेसम्म कायम गरिएको छ । यसअघि सरकारी कार्यालयको समय बिहान ९ बजेदेखि अपराह्न ५ बजेसम्म तोकिएको थियो । नयाँ व्यवस्थाअनुसार कार्यालय समय एक घण्टा घटाइएको हो । शैक्षिक संस्थाको हकमा भने यो समयतालिका लागू हुने छैन । यस्तै



सरकारले मन्त्री वा सचिवको तहबाट हुनुपर्ने महत्वपूर्ण प्रशासकीय निर्णय फाइल प्राप्त भएकै दिन वा त्यसको भोलिपल्टसम्म गि सक्नुपर्ने नियम बनाएको छ । मन्त्री वा सचिवसमक्ष दिउँसो २ बजे अगाडि प्राप्त भएको फाइलमा त्यही दिन र त्यसभन्दा पछाडी प्राप्त भए भोलिपल्ट निर्णय दिइसक्नुपर्ने नियम ल्याइएको हो । सरकारले मन्त्रालयदेखि मातहतका कार्यालबाट हुने कार्यसम्पादनका लागि 'सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली' ल्याएको हो । नियमावलीमा कुन तहका पदाधिकारीले कति समयभित्र निर्णय दिइसक्नुपर्ने भन्ने समयसीमा तोकिएको छ । प्रचलित कानुनबमोजिम मन्त्रीस्तरबाट गरिने नीतिगत विषयको निर्णय गर्दा टिप्पणीको तह तीनभन्दा बढी नहुने भनिएको छ । मन्त्रालयले नीतिगत निर्णयका लागि मन्त्रालयभित्रै एकभन्दा बढी पदाधिकारीको राय परामर्श लिनुपर्नेमा त्यही दिन बैठक राखी छिटो राय लिनुपर्ने नियमावलीमा उल्लेख छ ।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,

-शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,

-मुटु, मृगौलाले काम नगर्ने,

-अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।

मधुमेहबाट बच्न,

-(शरीरको तौल सन्तुलित राखौं,

-चल्लो तथा चिनीजन्य परिकार कम खाऔं,

-जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,

- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

पत्रकारलाई नतर्साऊ

लोकतन्त्रको सुन्दरता अभिव्यक्ति स्वतन्त्रतामा हुन्छ । जनताको आवाज बोल्ने, समाजका विकृति र विसङ्गति उजागर गर्ने तथा राज्यका जिम्मेवार निकायलाई जवाफदेही बनाउने महत्वपूर्ण दायित्व पत्रकारिताको हो । पत्रकार केवल समाचार लेख्ने व्यक्ति मात्र होइन, ऊ समाजको सचेत पहरेदार पनि हो । तर पछिल्लो समय पत्रकारले आफ्नो जिम्मेवारी निर्वाह गर्ने क्रममा धम्की, दबाब, दुर्व्यवहार र असुरक्षाको सामना गर्नुपर्ने अवस्था सिर्जना हुनु चिन्ताको विषय हो ।

जसरी शुक्रबार समाचार कक्षाबाटै पत्रकारहरूमाथि धरपकड भयो त्यसबाट वर्तमान सरकारको पत्रकारिता जगतप्रतिको बुझाइ र व्यवहार फेरि एकपटक सार्वजनिक भएको छ । प्रहरीले नेपाल प्रेस डटकमबाट विश्वमणि सुवेदी, मोटिभेटन्युज डटकमका सम्पादक शोभराज बराल र डीएनए खबरका प्रधानसम्पादक धीरज बस्नेतलाई पक्राउ गरेको थियो भने नयाँ पत्रिका दैनिकको कार्यालयमा पत्रकार नवराज मैनालीलाई नियन्त्रणमा लिन तीन घण्टासम्म प्रयास गरेको थियो । पक्राउ परेकाहरू छुटिसकेका छन् तर त्रास बाँकी नै छ । मुख्य विषय त, यति ठूलो घटना हुँदा पनि सरकारले भने नागरिकमा अन्योल सिर्जना गर्न खोजेको छ । प्रधानमन्त्रीको सचिवालयले घटनाबारे प्रधानमन्त्री, उनको सचिवालय तथा प्रधानमन्त्रीको कार्यालयको संलग्नता नरहेको र यसबारे पूर्वजानकारी समेत प्राप्त नभएको दाबी गरेको छ । कार्यकारी नेतृत्वलाई यति ठूलो घटनाबारे थाहा थिएन भन्नेमा सर्वसाधारण पनि विश्वस्त हुन सकिरहेका छैनन । यदि प्रधानमन्त्रीलाई थाहा थिएन भने पनि कसरी र कसका कारणले घटना घट्यो भनेर जनतालाई जानकारी गराउनुपर्थ्यो । पत्रकारले समाचार लेखेकै आधारमा निसाना बनाइनु, प्रश्न उठाएकै कारण धम्क्याइनु र सत्यतथ्य सार्वजनिक गरेकै कारण विभिन्न बहानामा त्रसित पारिनु लोकतान्त्रिक समाजका लागि सुहाउने व्यवहार होइन । समाचारप्रति असहमति हुन सक्छ, पत्रकारको प्रस्तुतिमा कमजोरी पनि हुन सक्छ । तर त्यसको समाधान त्रास, धम्की, आक्रमण होइन । तथ्यगत त्रुटि भए कानुनी र व्यावसायिक प्रक्रियाबाट खण्डन गर्ने, जवाफ दिने र सुधारको माग गर्ने बाटो खुला छ । पत्रकारलाई तर्साएर समाचार रोक्न सकिएला, तर त्यसले सत्यलाई सधैँ लुकाउन सक्दैन । जब पत्रकार स्वतन्त्र रूपमा कलम चलाउन डराउँछ, तब जनताले सही सूचना पाउने अधिकार कमजोर हुन्छ । यसले अन्ततः लोकतन्त्र, सुशासन र नागरिक स्वतन्त्रतामाथि नै प्रहार गर्छ । पत्रकारिता पनि जिम्मेवार, मर्यादित र तथ्यमा आधारित हुनुपर्छ । पत्रकारले व्यक्तिगत पूर्वाग्रहभन्दा माथि उठेर सत्य, निष्पक्षता र जनहितलाई प्राथमिकता दिनुपर्छ । तर पत्रकारितामा कमजोरी हुन सक्छ भन्दैमा पत्रकारमाथि हुने धम्की, हिंसा र दबाबलाई कुनै पनि हालतमा उचित ठहर गर्न सकिँदैन । तसर्थ पत्रकारलाई नतर्साऊ, स्वतन्त्र पत्रकारिताको सम्मान गर ।

Opinion @ Social Network

आफूलाई सम्झाउँछु "अहिले जे भइरहेको छ,
यो पनि एक दिन मेरो कथाको सुन्दर अध्याय बन्नेछ।"
(मिना शाहीको फेसबुक स्टाटसबाट www.facebook.com/Mina.Shahi)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमुल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

गोलाखाना : तानसेनको माटोमा पुरिएको वीरताको इतिहास



नवराज बस्याल

पहाडी सहर पाल्पाको तानसेन आफैँमा एउटा जीवन्त ऐतिहासिक दस्तावेज र खुला संग्राहालय हो । यहाँका साँघुरा गल्ली, पुराना नेवारी शैलीका घर, झ्यालढोकामा कुँदिएका कलात्मक बुट्टा, ढुङ्गा छापिएका प्राचीन बाटा र ऐतिहासिक प्रशासनिक संरचनाहरूले विगतका गौरवशाली इतिहास र वीरताका गाथा निरन्तर सुनाइरहेका छन् । सांस्कृतिक, प्राकृतिक र पुरातात्त्विक सम्पदाले समृद्ध यस ऐतिहासिक सहरको गर्भमा नेपालको सैन्य इतिहास र सामरिक रणनीतिसँग जोडिएको एउटा महत्वपूर्ण अध्याय लुकेको रहेछ भन्ने तथ्य केही समयअघि मात्र थप उजागर भयो । विसं २०७९ पुस महिनामा तानसेन नगरपालिका-४, प्राचीन सिल्खानटोल क्षेत्रमा भवन निर्माणका लागि जमिन खन्ने क्रममा एकैपटक तीन सयभन्दा बढी पुराना फलामे तोपका गोला फेला परे । अप्रत्याशित रूपमा जमिनमुनिबाट निस्किएका ती ऐतिहासिक वस्तुले इतिहासप्रेमी, पुरातत्वविद्, सैन्य अनुसन्धानकर्ता तथा स्थानीय बासिन्दालाई आश्चर्यचकित बनायो । सुरुमा निर्माण कार्यमा संलग्न कामदारहरूले जमिनमुनि भेटिएका कडा फलामका गोलाकार वस्तुको वास्तविक महत्व बुझ्न सकेनन् । तर माटो हटाउँदै जाँदा दर्जनौं हुँदै सयौँको संख्यामा ती वस्तु बाहिरिन थालेपछि तानसेनको माटोले शताब्दीयौँदेखि आफ्नो गर्भमा लुकाएर राखेको इतिहासको एउटा महत्वपूर्ण पाना अचानक खोलिदिएको अनुभूति भयो ।

यो खोज सामान्य संयोग मात्र थिएन । यसले नेपालको एकीकरणकालीन तथा त्यसपछिको सैन्य इतिहास, तत्कालीन सैनिक संरचना र तानसेनको सामरिक महत्वबारे थप अध्ययन गर्ने महत्वपूर्ण आधार प्रदान गरेको छ । यही ऐतिहासिक पृष्ठभूमि र सामरिक परिवेशलाई केन्द्रमा राखेर मैले आफ्नै प्रत्यक्ष अवलोकन र अनुभूतिका आधारमा संस्मरणात्मक तथा अनुसन्धानमूलक लेखमार्फत यस ओझेलमा परेको ऐतिहासिक सम्पदालाई जनसमक्ष ल्याउने प्रयास गरेको छु । मेरा लागि गोलाखाना केवल एउटा भौगोलिक नाम वा जमिनको सामान्य टुक्रा होइन । यो तानसेनको तत्कालीन सैन्य सामर्थ्य, पश्चिमी नेपालको सुरक्षा व्यवस्था र नेपालको केन्द्रीय सामरिक सोचसँग जोडिएको गौरवशाली इतिहासको एउटा महत्वपूर्ण साक्षी हो । सिल्खानटोल तथा गोलाखाना क्षेत्रमा देखिएका पुराना संरचना र जमिनमुनिबाट प्राप्त तोपका गोलाहरूले तत्कालीन नेपाली समाजको युद्ध तयारी, स्थानीय स्रोतसाधनको उपयोग र राष्ट्रिय सुरक्षाप्रतिको संवेदनशीलतालाई बुझ्न महत्वपूर्ण आधार दिन्छन् । स्थानीय प्रशासन र नेपाली सेनाको रोहबरमा ती सामग्री सुरक्षित स्थानमा स्थानान्तरण गरिएपछि तिनको ऐतिहासिकता, निर्माणकाल र सामरिक प्रयोजनबारे थप वैज्ञानिक अध्ययन हुनुपर्ने आवश्यकता देखिएको छ । फेला परेका फलामका गोलाहरू आकारमा गोलाकार छन् । कतिपयमा साना प्वालसमेत देखिन्छन् । लामो समयसम्म ओसिलो जमिनमुनि रहँदा तिनमा खिया लागेको भए पनि मौलिक बनोट र स्वरूप अझै पहिचान गर्न सकिने अवस्थामा रहनु आफैँमा महत्वपूर्ण छ । यद्यपि ती प्वालको वास्तविक प्रयोजन, गोलाहरूको निर्माण प्रविधि, प्रयोगकाल र तिनको प्रकृतिबारे निष्कर्ष निकाल्न प्राविधिक तथा पुरातात्त्विक परीक्षण आवश्यक छ । यस्ता अध्ययनले तत्कालीन नेपालको धातु उद्योग, हातहतियार निर्माण र सैन्य प्रविधिको विकासक्रम बुझ्न सहयोग पुऱ्याउन सक्छन् । अझ रोचक पक्ष के छ भने सिल्खानटोल र गोलाखाना जस्ता नामहरू आफैँमा तत्कालीन सैनिक गतिविधिसँग सम्बन्धित ऐतिहासिक स्मृति बोकेका देखिन्छन् । यी नाम, स्थानीय जनश्रुति, पुराना अभिलेख र प्राप्त भौतिक प्रमाणलाई एकीकृत रूपमा अध्ययन गर्न सके यस क्षेत्रको वास्तविक ऐतिहासिक पहिचान अझ स्पष्ट हुन सक्छ ।

नेपालको एकीकरण अभियानदेखि नेपाल-अंग्रेज युद्धसम्म पाल्पा गौडा र तानसेनको प्रशासनिक तथा सामरिक भूमिका महत्वपूर्ण रहेको थियो । काठमाडौँ उपत्यका बाहिरको एउटा शक्तिशाली प्रशासनिक केन्द्रका रूपमा विकसित तानसेनले पश्चिमी क्षेत्रको प्रशासन, सुरक्षा र सैन्य परिचालनमा उल्लेखनीय भूमिका निर्वाह गरेको ऐतिहासिक पृष्ठभूमि छ । यस्तो अवस्थामा तानसेनमा भेटिएका सयौँ तोपका गोलाहरूले यहाँको सैन्य इतिहासबारे थप खोज तथा अनुसन्धान गर्नुपर्ने आवश्यकतालाई अझ बलियो बनाएका छन् । तर यति महत्वपूर्ण ऐतिहासिक सामग्री प्राप्त हुँदासमेत तिनको वैज्ञानिक अध्ययन, वर्गीकरण, रासायनिक उपचार र दीर्घकालीन संरक्षणमा अपेक्षित सक्रियता देखिन नसक्नु चिन्ताको विषय हो । उचित भण्डारण र संरक्षणको अभावमा खिया तथा वातावरणीय प्रभावका कारण यी सामग्री क्रमशः नष्ट हुन सक्छन् । राष्ट्रको इतिहाससँग प्रत्यक्ष जोडिएका यस्ता दुर्लभ प्रमाण हराउनु भनेको एउटा पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गर्नुपर्ने अमूल्य ऐतिहासिक सम्पदा गुमाउनु हो । मेरो मुख्य चिन्ता पनि यही हो । आज हामीले संरक्षण गर्न नसके भोलिका पुस्ताले यी ऐतिहासिक प्रमाणलाई प्रत्यक्ष देख्ने र बुझ्ने अवसर गुमाउनेछन् । हाम्रा वीर पुर्खाको साहस, मेहनत, युद्धकौशल र राष्ट्ररक्षाका योगदानलाई केवल पुस्तकका पानामा सीमित हुन दिनु हुँदैन । यसैले तानसेनको ऐतिहासिक गोलाखाना क्षेत्रमा एउटा व्यवस्थित र आधुनिक सैनिक संग्रहालय निर्माण गर्नु आजको आवश्यकता हो । विशेषगरी सिल्खानटोलको पुरानो पाल्पाली वास्तुशैली र ऐतिहासिक स्वरूपलाई संरक्षण गर्दै परम्परागत ढुङ्गे भवन निर्माण गर्न सकिएमा यसले संग्रहालयलाई थप मौलिक र ऐतिहासिक बनाउनेछ । स्थानीय इतिहासअनुसार यस क्षेत्रमा रहेको पुरानो ढुङ्गे भवन शाही सेनाले भत्काएर आवासीय प्रयोजनका लागि प्रयोग गरेको प्रसंग समेत सुनिन्छ । यससम्बन्धी अभिलेखीय अध्ययन गरी सम्भव भएसम्म पुरानो संरचनाको स्वरूप पुनर्जीवित गर्न सकिएमा त्यो ऐतिहासिक न्यायसमेत हुनेछ । प्रस्तावित संग्रहालयमा फेला परेका तोपका गोलाहरूलाई वैज्ञानिक परीक्षण र संरक्षणपछि व्यवस्थित प्रदर्शनी कक्षमा राख्न सकिन्छ । तिनको निर्माणकाल, तौल, बनोट, सम्भावित प्रयोग, तत्कालीन सैन्य प्रविधि र तानसेनको सामरिक भूमिकाबारे जानकारीमूलक सामग्री, तस्बिर, नक्सा तथा डिजिटल प्रविधिमार्फत प्रस्तुत गर्न सकिन्छ । यसले विद्यार्थी, इतिहासका अध्येता, अनुसन्धानकर्ता र स्वदेशी तथा विदेशी पर्यटकलाई नेपालको सैन्य इतिहास प्रत्यक्ष बुझ्ने दुर्लभ अवसर प्रदान गर्नेछ । तानसेनको ऐतिहासिक पहिचान, त्रिभुवन बहुमुखी क्याम्पसजस्तो पुरानो शैक्षिक संस्थाको उपस्थिति र गोलाखाना क्षेत्रको विशिष्ट सैन्य इतिहासलाई एउटै शैक्षिक तथा पर्यटकीय अवधारणामा जोड्न सके यसले नयाँ सम्भावनाको ढोका खोल्नेछ । इतिहास, पुरातत्व, सैन्य अध्ययन र पर्यटनलाई एकै ठाउँमा समेट्ने यस्तो संग्रहालय लुम्बिनी प्रदेशकै विशिष्ट आकर्षण बन्न सक्छ ।यसको सकारात्मक प्रभाव स्थानीय अर्थतन्त्रमा समेत पर्नेछ । पर्यटकको आगमन बढेसँगै होटल, रेस्टुरेन्ट, होमस्टे, स्थानीय यातायात, पर्यटक पथप्रदर्शक तथा पाल्पाली ढाका र करुवाजस्ता हस्तकलाका उत्पादनको बजार विस्तार हुन सक्छ । यसरी ऐतिहासिक सम्पदाको संरक्षण केवल विगत जोगाउने काममा सीमित रहने छैन, बरु स्थानीय रोजगारी, आर्थिक समृद्धि र पर्यटन प्रवर्द्धनको बलियो आधारसमेत बन्नेछ । यो परिकल्पना साकार पार्न तानसेन नगरपालिका, नेपाल सरकारका पुरातात्त्विक निकाय, नेपाली सेना, स्थानीय नागरिक समाज र समुदायबीच सहकार्य आवश्यक छ । सर्वप्रथम प्राप्त सामग्रीको वैज्ञानिक सूचीकरण, परीक्षण, संरक्षण र ऐतिहासिक प्रमाणीकरण गरिनुपर्छ । त्यसपछि आवश्यक बजेट, प्राविधिक सहयोग र स्पष्ट कार्ययोजनासहित दीर्घकालीन गुरुयोजना तयार गर्नुपर्छ । गोलाखाना क्षेत्रलाई राष्ट्रिय महत्वको सैन्य तथा पुरातात्त्विक सम्पदाका रूपमा पहिचान दिलाउन नीतिगत पहलसमेत अघि बढाउनुपर्छ ।यस अभियानमा स्थानीय नागरिकको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । आफ्नो सहरको इतिहासप्रति चेतना जगाउने, पुराना सम्पदाको खोजी तथा संरक्षण गर्ने र यस क्षेत्रको महत्व देश विदेशसम्म पुऱ्याउने जिम्मेवारी समुदायले पनि लिनुपर्छ । ऐतिहासिक सम्पदा राज्यको मात्र होइन, समग्र समाजको साझा सम्पत्ति हो भन्ने भावना स्थापित हुनु आवश्यक छ ।

अन्ततः मेरो परिकल्पना एउटा यस्तो तानसेनको हो, जहाँ पुग्ने प्रत्येक पर्यटकले गोलाखाना सैनिक संग्रहालयको ढोकाभित्र प्रवेश गर्दा केवल पुराना फलामका गोलाहरू नदेखोस्, बरु ती गोलाहरूको माध्यमबाट नेपालको इतिहास, तत्कालीन सैन्य चेतना, पुर्खाहरूको साहस र राष्ट्रनिर्माणको संघर्षलाई अनुभूत गर्न सकोस् । जहाँ इतिहासका विद्यार्थीले अनुसन्धानको आधार भेट्न्, नयाँ पुस्ताले आफ्नो गौरवशाली विगत बुझोस् र विदेशी पर्यटकले नेपालको सैन्य इतिहासको एउटा महत्वपूर्ण पक्षसँग प्रत्यक्ष साक्षात्कार गर्न पाऊन् । मेरा आँखाले देखेको गोलाखाना क्षेत्र र त्यहाँबाट जमिनमुनि निस्किएका ती सयौँ तोपका गोला केवल फलामका निर्जीव वस्तु होइनन् । ती हाम्रो विगतका मौन साक्षी हुन् । तिनले तत्कालीन समयको सैन्य तयारी, सामरिक सोच, प्रविधि र राष्ट्ररक्षाको इतिहासबारे अनेक प्रश्न उठाएका छन्, जसको उत्तर खोज्नु आजको पुस्ताको दायित्व हो । तानसेन केवल प्राकृतिक सुन्दरता र पुरानो वास्तुकलाले भरिएको पहाडी सहर मात्र होइनह यो नेपालको राष्ट्रनिर्माण र सैन्य इतिहाससँग जोडिएको एउटा महत्वपूर्ण ऐतिहासिक भूमि पनि हो । त्यसैले गोलाखाना क्षेत्रको खोज, अध्ययन र संरक्षणलाई स्थानीय गौरवको विषयमा मात्र सीमित नराखी राष्ट्रिय सम्पदाको अभियानका रूपमा अघि बढाउनुपर्छ । इतिहासलाई सम्झनु मात्र पर्याप्त हुँदैन, त्यसलाई प्रमाणसहित संरक्षण गरेर भावी पुस्तालाई हस्तान्तरण गर्नु नै वास्तविक इतिहासपतिको सम्मान हो । गोलाखानाको माटोबाट बाहिरिएका ती तोपका गोलाहरूले हामीलाई एउटा स्पष्ट सन्देश दिएका छन्–इतिहास हाम्रो मुनि लुकेको हुन सक्छ, तर त्यसलाई खोज्ने, बुझ्ने र जोगाउने जिम्मेवारी हाम्रो अफ्नै हो ।

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२
स.प्र.क्याम्प बुटवल ९७४०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१९९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५५
अस्पताल कार्यालय
लुम्बिनीस्टिटी अस्पताल ०७१-५५५५७, ५५५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०३२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४९१२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी मेडिकल कलेज ०७१-५४६४८१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेट्रिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००५४
एम्बुलेन्स सं.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लिग्रो क्लब अप बुटवल ०७१-५४९८९३
रेडक्रस भैरहवा०७१-५२०८६३
रेखुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००५५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४७०८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल ९५४७०२२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१७५८
बनगाई क्लब बनगाई ०७६-६९०७०२
रेडक्रस बेल्हद ०७१-५४७७९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यु एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७०७०७५५
रामपुर टे.इन्स्टी.:९८५७७२२४७,९८५७७६०४

दैनिक राशिफल

मेष : मन उत्साहित रहनेछ । कामभा आफ्नो सीप देखाउने मौका मिल्नेछ।
वृष : मेहनतप्रति सन्तुष्टि बढ्नेछ । घरमा हौसेखुसीको वातावरण बन्नेछ।
मिथुन : नयाँ योजना बनाउने जाँगर चल्नेछ ।रोजगारी प्राप्त हुनेछ।
कर्कट : मनमा आत्मीयता बढ्नेछ । रोकिएको आर्थिक काम अघि बढ्नेछ।
सिंह : आफ्नो विश्वास बढ्नेछ । नयाँ जिम्मेवारी सम्हाल्ने अवसर मिल्नेछ ।
कन्या : मनमा रोक्ने डर हट्ने समय छ । काम खोज्दै हुनुहुन्छ भने प्रयास जारी राख्नुहोस् ।
तुला : भेटघाटले चिनजान बढाउनेछ ।कामभा आफ्नो विचार स्पष्ट राख्नुहोस् ।
वृश्चिक : आत्मविश्वास बढ्नेछ । कागजात जाँचि मात्र बुझाउनुहोस् ।
धनु : मनमा घुमफिर चाहना बढ्नेछ । समयको ख्याल गर्नुहोस् ।
मकर : नयाँ लक्ष्य तय हुनेछ । आम्दानीको बाटो खोज्दा सीपलाई उपयोग गर्नुहोस्।
कुम्भ: नयाँ मानिससँग भेट हुने छ । पैसाको हिसाब लेखेर राख्नु राम्रो हुनेछ।
मीन : सोचेर निर्णय गर्दा राम्रो हुनेछ । काम बदल्ने सोच अघि बढाउनुहोस्।

शिक्षा

एसईई र रजिस्ट्रेसनका नाममा सरकारी दोहोरो चरित्र : नियमावली विपरीत राजस्व असुली



काठमाडौँ, नेपालको वर्तमान संविधान धारा ३१ मा माध्यमिक तह (कक्षा १२) सम्मको शिक्षा नि:शुल्क हुने स्पष्ट व्यवस्था भए पनि सरकार आफैंले विद्यार्थीबाट दर्जनभन्दा बढी शीर्षकमा बर्सेनि गैरकानुनी शुल्क असुल गर्दै आएको छ ।

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ र शिक्षा नियमावलीविपरीत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीबाट रजिस्ट्रेसन, परीक्षा र शैक्षिक प्रमाणपत्रका नाममा सरकार स्वयंले शुल्क असुल गर्दै आएको हो ।

अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी कानुनी व्यवस्थालाई चुनौती दिँदै राज्यले कक्षा ९ मा रजिस्ट्रेसन शुल्कबापत चार सय रुपैँया, कक्षा १० मा परीक्षा आवेदन शुल्क पाँच सय रुपैँया र प्रमाणपत्र शुल्क दुई सय ५० रुपैयाँ लिने गरेको छ । त्यसैगरी कक्षा ११ मा विषय दर्ता शुल्कबापत चार सय रुपैयाँ र कक्षा १२ को प्रमाणपत्र प्राप्त गर्न एक हजार पाँच सय रुपैयाँसमेत अनिवार्य बुझाउनुपर्ने बाध्यता छ ।

कार्तिक १० गते राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८४ को लागि कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूको रजिस्ट्रेसन फारम भर्ने र भराउने सम्बन्धी सूचना प्रकाशित गऱ्यो । त्यसका लागि प्रतिविद्यार्थी ३ सय रुपैयाँ राजस्व शुल्क निर्धारण गरिएको छ ।

त्यस्तै, बोर्डले २०८४ सालमा सञ्चालन हुने एसईई परीक्षाका लागि परीक्षा आवेदन फारम भर्ने तथा भराउने सम्बन्धी छुट्टै सूचना पनि जारी गरेको थियो । यसअनुसार नियमित, खुला तथा प्राविधिक धारतर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले २०८३ कात्तिक ०१ गतेदेखि मङ्सिर ०८ गतेभित्र तोकिएको परीक्षा दस्तुर पाँच सय रुपैँया बुझाई आवेदन फारम भर्न सक्नेछन् । यसरी संविधानमा उल्लिखित नि:शुल्क शिक्षाको ग्यारेन्टीलाई बेवास्ता गर्दै सरकारी निकायहरूबाटै विद्यार्थीमाथि यसरी आर्थिक भार थपिनु सैद्धान्तिक व्यवस्था र ऐन-नियमको प्रत्यक्ष उल्लङ्घन भएको देखिन्छ । शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार माध्यमिक तह (कक्षा ९-१०) मा शैक्षिक सत्र २०८२ मा ९ लाख ६८ हजार ४३० विद्यार्थी छन् । कक्षा ११-१२ मा शैक्षिक सत्र २०८२ मा ६ लाख ९८ हजार एक सय २३ विद्यार्थी छन् । यी विद्यार्थीबाट बोर्डले विभिन्न बाहनामा शुल्क लिइरहेको छ ।

कक्षा ११ र १२ बाट संकलित रकम बोर्डको खातामा जम्मा भई कार्यालय सञ्चालन, कर्मचारी व्यवस्थापन र परीक्षा सञ्चालनमा खर्च हुन्छ भने कक्षा ९ र १० बाट उठाइएको रकम सिधै सरकारको राजस्व खातामा जाने गर्छ । शिक्षाविद्हरूका अनुसार सरकारहरू अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन कार्यान्वयन गर्न पूर्ण रूपमा असफल भएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डका प्रवक्ता जयन्ती सत्यालले रजिस्ट्रेसन, परीक्षा फारमलगायत शीर्षकमा शुल्क लिने गरेको बताइन् । उनले भनिन्,'यो विगत देखि चलेको अभ्यास हो । अर्थ मन्त्रालयको स्वीकृति अनुसार नै शुल्क लिइरहेका छौं ।' सामुदायिक विद्यालयमा प्राय: अतिविपन्न, दलित, पिछडिएको क्षेत्र र अपांगता भएका बालबालिका पढ्ने भएकाले उनीहरूलाई प्रोत्साहन गर्नुको साटो गैरकानुनी रूपमा शुल्क असुलिनु अन्यायपूर्ण छ । एकातिर स्थानीय तह र विद्यालयहरूलाई नि:शुल्क शिक्षाका नाममा शुल्क उठाउन रोक लगाउने र अर्कातिर संघीय सरकारका निकायहरू स्वयंले शुल्क उठाइरहने दोहोरो चरित्रले संवैधानिक हननलाई निरन्तरता दिइरहेको छ । निजी विद्यालयहरुले पनि चारित्रिक प्रमाणपत्रको नाममा अत्यधिक शूल्क लिने गरेका छन् । अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली २०७७ मा माध्यमिक तहसम्मको शिक्षामा कुनै पनि किसिमको शुल्क लिन नपाइने व्यवस्था गरिएको छ । सार्वजनिक विद्यालयहरूले माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्दा विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क तथा पाठ्यपुस्तकबापत रकमजस्ता कुनै पनि शीर्षकहरूमा शुल्क लिन नपाउने कडा नियम निर्धारण गरिएको छ । अभिभावक संघका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले प्रमाणपत्रका नाममा सरकारले शुल्क असुल्न नहुने बताए । उनले भने, 'हामीले यस विषयमा सरकारलाई ध्यानाकर्षण पनि गराएका थियौं । तर, कार्यान्वयन भएन । यो त सरकारले ढाँटेजस्तो भयो ।' अभिभावकहरुले सरकारले यस्ता शुल्कको पुनरवलोकन गरी विद्यार्थीमैत्री निर्णय गर्नुपर्ने बताएका छन् । **-रातोपाटी डटकम**

कहाँ हराउँदै छ शिक्षकको मुस्कान ?

पवित्रा घिमिरे

केही समयअघि सामाजिक सञ्जालमा शिक्षा क्षेत्रका एक विज्ञको अन्तर्वार्ताको छोटो क्लिप देखें।उनले शिक्षक कक्षाकोठामा प्रवेश गर्दा उत्साहका साथ, मुस्कुराउँदै र सकारात्मक ऊर्जा लिएर जानुपर्छ भन्ने कुरा गरेका थिए। त्यो कुरा सुन्दा स्वाभाविक लाग्यो। आखिर, शिक्षकको मुस्कानले विद्यार्थीलाई नजिक महसुस गराउन सक्छ, कक्षाकोठाको वातावरण सहज बनाउन सक्छ र सिकाइप्रति रूचि जगाउन पनि मद्दत गर्छ।तर, त्यो छोटो क्लिप हेरेपछि पूरै अन्तर्वार्ता हेर्ने इच्छा भयो। अन्तर्वार्ता हेर्दै जाँदा मनमा एउटा प्रश्न उठ्यो-हामी शिक्षकलाई सधैं उत्साहित र मुस्कुराएको देख्न चाहन्छौं, तर उनीहरूलाई त्यस्तो भएर काम गर्न सक्ने वातावरण दिएका छौं त ?हामीले शिक्षकबाट धेरै अपेक्षा राखेका छौं। उनीहरू ज्ञान दिने व्यक्ति मात्र होइनन्, विद्यार्थीका कुरा सुन्ने, उनीहरूको भावना बुझ्ने, समस्या समाधान गर्न सिकाउने र भविष्यका लागि तयार पार्ने मार्गदर्शक पनि हुन्। उनीहरू कक्षाकोठामा प्रवेश गर्दा विद्यार्थीले सहजता महसुस गरून्, प्रश्न सोध्न डराउनु नपरोस् र गल्ती गर्दा पनि सिक्ने अवसर पाऊन् भन्ने चाहना राख्छौं।यी अपेक्षा गलत होइनन्। तर, शिक्षकको अनुहारमा मुस्कान देखियो कि देखिएन भन्ने आधारमा मात्रै उनको क्षमता, जिम्मेवारी वा कामप्रतिको लगावको मूल्यांकन गर्नु कति उचित होला ? मुस्कानको कुरा गर्दा हामीले एउटा सामान्य मानवीय पक्ष पनि बुझ्नुपर्छ। हाम्रो दैनिक जीवनमा भेटिने हरेक व्यक्ति सधैं मुस्कुराइरहेको हुँदैन। कोही थकित हुन्छ, कोही कुनै चिन्तामा हुन्छ, कसैको स्वभाव नै कम बोल्ने वा गम्भीर देखिने हुन्छ। त्यसको अर्थ उनीहरू नकारात्मक छन् वा अरूप्रति राम्रो व्यवहार गर्न जान्दैनन् भन्ने होइन।

त्यस्तै, सधैं मुस्कुराइरहने व्यक्ति नै सबभन्दा खुसी वा जिम्मेवार हुन्छ भन्ने पनि छैन। त्यसैले अनुहारको भाव हेरेर मात्रै कसैको मनस्थिति वा व्यक्तित्वको निष्कर्ष निकाल्नु उचित हुँदैन। शिक्षकको हकमा पनि यही कुरा लागू हुन्छ। मुस्कानले कक्षाकोठालाई आत्मीय बनाउन सक्छ।शिक्षकको सहज व्यवहारले विद्यार्थीलाई आफ्ना जिज्ञासा राख्न र नबुझेका कुरा सोध्न प्रोत्साहित गर्न सक्छ।शिक्षकसँग डराउनेभन्दा विश्वास गर्ने वातावरण बनेमा विद्यार्थीले गल्ती लुकाउने होइन, त्यसबाट सिक्ने अवसर पाउँछन्। तर, मुस्कान नै राम्रो शिक्षणको एक मात्र आधार होइन।कुनै शिक्षकको स्वभाव गम्भीर हुन सक्छ, तर उनी विद्यार्थीप्रति संवेदनशील, जिम्मेवार र आफ्नो विषयमा दक्ष हुन सक्छन्। त्यसैले शिक्षकको बाहिरी व्यवहारसँगै उनले विद्यार्थीलाई कसरी सिकाइरहेका छन्, उनीहरूसँग कस्तो सम्बन्ध बनाइरहेका छन् र कक्षाकोठामा कस्तो वातावरण सिर्जना गरिरहेका छन् भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। आजको शिक्षण वातावरण पहिलेको जस्तो छैन। समयसँगै शिक्षण विधि परिवर्तन भएका छन्, प्रविधिको प्रयोग बढेको छ र विद्यार्थीको सिकाइप्रतिको अपेक्षा पनि फरक हुँदै गएको छ। पहिले शिक्षकले पाठ बुझाउने र विद्यार्थीले सुनेर लेख्ने अभ्यासलाई नै पर्याप्त मानिन्थ्यो। अहिले विद्यार्थीलाई प्रश्न गर्न, छलफल गर्न, खोज्न, प्रयोग गर्न र आफै अनुभवबाट सिक्न प्रोत्साहित गरिन्छ। शिक्षकले पाठ्यपुस्तकको विषयवस्तु पूरा गराउनु मात्र होइन, विद्यार्थीमा आलोचनात्मक सोच, सिर्जनशीलता, सहकार्य र समस्या समाधान गर्ने क्षमता विकास गराउनुपर्ने अपेक्षा पनि बढेको छ।यी परिवर्तन आवश्यक छन्। तर, नयाँ शिक्षण विधि अपनाउनु भनेको पुरानो विधि छाडेर नयाँ कुरा प्रयोग गर्नु मात्र होइन। त्यसका लागि शिक्षकले पर्याप्त तयारी गर्नुपर्छ, विद्यार्थीको आवश्यकता बुझ्नुपर्छ र कक्षाकोठामा उपलब्ध स्रोतसाधनअनुसार उपयुक्त तरिका छनोट गर्नुपर्छ। प्रविधिको प्रयोग गर्नुपर्ने अपेक्षा राखिन्छ, तर सबै विद्यालयमा आवश्यक उपकरण र भरपर्दो इन्टरनेट उपलब्ध नहुन सक्छ।विद्यार्थीकेन्द्रित शिक्षणको कुरा गरिन्छ, तर कक्षामा विद्यार्थीको संख्या धेरै हुँदा प्रत्येक विद्यार्थीको सिकाइमा व्यक्तिगत ध्यान दिन सहज हुँदैन। शिक्षकलाई नयाँ विधि अपनाउन भनिन्छ, तर त्यसका लागि चाहिने समय, सामग्री र व्यावहारिक सहयोग पर्याप्त छ कि छैन भन्ने प्रश्न पनि उठाउनुपर्छ।हामीले शिक्षकलाई समयअनुसार परिवर्तन हुनुपर्छ भन्छौं। तर, परिवर्तनका लागि आवश्यक अवसर र सहयोग उपलब्ध गराउने जिम्मेवारी कसको हो?शिक्षकलाई नयाँ प्रविधि सिक्न, फरक क्षमता र पृष्ठभूमिका विद्यार्थीलाई बुझ्न तथा आफ्नो शिक्षण विधि सुधार गर्न प्रोत्साहित गरिन्छ। त्यसका लागि तालिम पनि सञ्चालन हुन्छन्। तालिमले शिक्षकलाई नयाँ ज्ञान र सीप दिन सक्छ, तर तालिममा सिकेका कुरा व्यवहारमा उतार्न सक्ने वातावरण छैन भने त्यसको प्रभाव सीमित हुन्छ। एउटा तालिममा सिकेको विधि कक्षाकोठामा प्रयोग गर्न आवश्यक सामग्री, समय वा संस्थागत सहयोग उपलब्ध छैन भने शिक्षकले चाहेर पनि सबै कुरा लागू गर्न सक्दैनन्।त्यसैले तालिम दिनु र शिक्षकको क्षमता विकास गर्नु महत्त्वपूर्ण भए पनि त्यसपछि के भइरहेको छ भन्ने कुरामा ध्यान दिन आवश्यक छ। शिक्षकले नयाँ विधि प्रयोग गर्दा के समस्या भोगिरहेका छन् ?,विद्यार्थीले त्यसबाट कस्तो प्रतिक्रिया दिइरहेका छन् ?,कुन पक्षमा सुधार गर्न सकिन्छ? यस्ता प्रश्नमा छलफल हुनुपर्छ। शिक्षकलाई सिक्ने, अभ्यास गर्ने र गल्तीबाट सुधार गर्ने अवसर दिनुपर्छ। हरेक नयाँ प्रयास पहिलो पटकमै सफल नहुन सक्छ। गल्ती भयो भन्दैमा शिक्षकलाई दोषी ठहऱ्याउने हो भने उनीहरू नयाँ प्रयोग गर्न हिचकिचाउन सक्छन्। तर, प्रयासलाई बुझ्ने र आवश्यक सहयोग गर्ने वातावरण बनेमा उनीहरू पनि आफ्नो शिक्षण सुधार गर्न थप उत्साहित हुन्छन्। यससँगै शिक्षकको मूल्यांकन कसरी भइरहेको छ भन्ने प्रश्न पनि महत्वपूर्ण छ।विद्यालयमा कक्षाकोठाको अवलोकन, विद्यार्थीको नतिजा र विभिन्न प्रशासनिक प्रक्रियामार्फत शिक्षकको कामको मूल्यांकन गरिन्छ।यस्तो मूल्यांकन शिक्षकलाई आफ्नो कमजोरी पहिचान गर्न र सुधार गर्न सहयोग गर्ने माध्यम बन्नुपर्छ। तर, मूल्यांकनको उद्देश्य कमजोरी खोज्नु वा गल्ती देखाउनु मात्र बन्यो भने त्यसले शिक्षकमा अनावश्यक दबाब सिर्जना गर्न सक्छ। शिक्षकलाई के सुधार गर्नुपर्छ भनेर बताउनु आवश्यक छ, तर त्यससँगै कसरी सुधार गर्न सकिन्छ भन्ने सहयोग पनि दिनुपर्छ। जिम्मेवारी मात्रनु र निरन्तर दबाब दिनु एउटै कुरा होइन।शिक्षकको जिम्मेवारी कक्षाकोठामा पढाउने काममा मात्र सीमित हुँदैन। पाठयोजना बनाउने, प्रश्नपत्र तयार गर्ने, उत्तरपुस्तिका जाँच्ने, विद्यार्थीको प्रगति अभिलेख राख्ने, अभिभावकसँग सम्पर्क गर्ने, बैठकमा सहभागी हुने र विभिन्न प्रशासनिक काम पूरा गर्ने जिम्मेवारी पनि उनीहरूमाथि हुन्छ। कतिपय अवस्थामा यी सबै काम नियमित शिक्षणसँगै व्यवस्थापन गर्नुपर्छ। अर्कोतर्फ, अभिभावकले पनि विद्यालयले पर्याप्त ध्यान नदिएको वा शिक्षकले राम्रोसँग नपढाएको आरोप लगाउन सक्छन्। तर, एकअर्कालाई दोष दिएर मात्र विद्यार्थीको समस्या समाधान हुँदैन।हरेक विद्यार्थीको सिक्ने गति, रूचि, क्षमता र पारिवारिक पृष्ठभूमि फरक हुन्छ। एउटै कक्षामा पढ्ने सबै विद्यार्थीले एउटै तरिकाले बुझ्छन् वा समान समयमा सिक्छन् भन्ने हुँदैन। कसैलाई पढेर बुझ्न सजिलो हुन्छ, कसैलाई देखाएर वा अभ्यास गराएर सिकाउँदा राम्रो हुन्छ।कसैलाई घरमा पढ्ने वातावरण सहज हुन्छ भने कसैका लागि त्यही वातावरण चुनौतीपूर्ण हुन सक्छ। त्यसैले कुनै विद्यार्थीले अपेक्षाअनुसार प्रगति गर्न नसक्दा उसलाई अल्छी वा लापरवाह भनेर निष्कर्ष निकाल्नुअघि समस्याको कारण बुझ्न आवश्यक हुन्छ।यसका लागि शिक्षक र अभिभावकबीच नियमित र सकारात्मक संवाद हुनुपर्छ। विद्यार्थीको कमजोरीबारे मात्र कुरा गर्ने होइन, उसले के राम्रो गरिरहेको छ, कुन कुरामा रुचि देखाउँछ र कुन पक्षमा थप सहयोग आवश्यक छ भन्ने विषयमा पनि छलफल गर्नुपर्छ।घर र विद्यालयले एउटै उद्देश्यका लागि सहकार्य गर्न सके विद्यार्थीलाई बढी सहयोग पुग्छ। अभिभावकले विद्यालयको अवस्था बुझ्ने र विद्यालयले विद्यार्थीको पारिवारिक तथा व्यक्तिगत परिस्थिति बुझ्ने प्रयास गर्नुपर्छ। यस्तो सहकार्यले विद्यार्थीको सिकाइ मात्र होइन, शिक्षक र अभिभावकबीचको विश्वास पनि बलियो बनाउन सक्छ। आज हामी शिक्षाको गुणस्तरबारे धेरै छलफल गर्छौं। विद्यार्थीले राम्रो नतिजा ल्याउनुपर्छ, शिक्षकले प्रभावकारी शिक्षण गर्नुपर्छ, विद्यालयले उत्कृष्ट प्रदर्शन गर्नुपर्छ भन्ने अपेक्षा राख्छौं। तर, गुणस्तरीय शिक्षाको अर्थ परीक्षामा राम्रो अंक ल्याउनु मात्र होइन। विद्यार्थीले आफूलाई सुरक्षित महसुस गर्नु, आफ्नो कुरा राख्न पाउनु, गल्तीबाट सिक्नु, फरक विचारलाई सम्मान गर्न जान्नु र जीवनमा आवश्यक सीप विकास गर्नु पनि शिक्षाकै महत्त्वपूर्ण पक्ष हुन्। यस्तो सिकाइको वातावरण बनाउन शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ। तर, त्यसका लागि शिक्षक स्वयंले पनि सहयोगी र सम्मानजनक वातावरण पाउनुपर्छ।

विद्यालयको नेतृत्व र व्यवस्थापनले शिक्षकका कुरा सुन्ने, उनीहरूले भोगिरहेका समस्या बुझ्ने र आवश्यक सुधारका लागि पहल गर्ने संस्कार विकास गर्नुपर्छ। शिक्षकलाई नयाँ योजना लागू गर्न निर्देशन दिनुअघि त्यसको व्यावहारिक पक्षबारे छलफल गर्न सकिन्छ।शिक्षकले कुनै समस्या औल्याउँदा त्यसलाई बहाना ठान्ने होइन, समाधान खोज्ने अवसरका रूपमा लिनुपर्छ। आवश्यक स्रोतसाधन उपलब्ध गराउने, कामको उचित बाँडफाँट गर्ने र शिक्षकको प्रयासलाई सम्मान गर्ने संस्कृतिले कार्यस्थललाई सकारात्मक बनाउन मद्दत गर्छ।यसले शिक्षकलाई मात्र फाइदा पुरदैन, विद्यार्थीको सिकाइमा पनि सकारात्मक प्रभाव पार्छ। त्यस्तै, शिक्षक तालिम दिने संस्था, शिक्षा नीति निर्माण गर्ने निकाय र सम्बन्धित सरोकारवालाले पनि शिक्षकका वास्तविक आवश्यकता बुझ्नुपर्छ। कागजमा राम्रा देखिने नीति र व्यवहारमा लागू गर्न सकिने व्यवस्थाबीचको दूरी कम गर्न आवश्यक छ।

शिक्षकबाट नयाँ विधि, प्रविधि र उत्कृष्ट नतिजाको अपेक्षा गरिन्छ भने ती अपेक्षा पूरा गर्न आवश्यक सहयोग पनि उपलब्ध गराइनुपर्छ।शिक्षकको कामको मूल्यांकन गर्दा विद्यार्थीको नतिजा मात्र होइन, उनीहरूको सिकाइमा भएको प्रगति, कक्षाकोठामा अपनाइएका विधि, विद्यार्थीप्रतिको व्यवहार र शिक्षकले सामना गरिरहेका परिस्थितिलाई पनि ध्यानमा राख्नुपर्छ।अन्तत: शिक्षकको मुस्कानलाई व्यक्तिगत स्वभाव वा व्यक्तिगत जिम्मेवारीको विषय मात्र बनाएर हेर्नु पर्याप्त हुँदैन। त्यो मुस्कानसँग शिक्षकले काम गर्ने वातावरण, पाउने सम्मान, जिम्मेवारीको भार, उपलब्ध स्रोतसाधन र संस्थाले दिने सहयोग पनि जोडिएका हुन्छन्।शिक्षकलाई मुस्कुराउन भन्नुअघि उनीहरूको कामको प्रकृति बुझ्ने, उनीहरूका कुरा सुन्ने र आवश्यक सहयोग उपलब्ध गराउने प्रयास गर्नुपर्छ। शिक्षकलाई खुसी देखिन बाध्य पार्नेभन्दा उनीहरूले अर्थपूर्ण र प्रभावकारी काम गर्न सक्ने वातावरण निर्माण गर्नु महत्त्वपूर्ण हुन्छ।हामीले शिक्षकबाट कस्तो व्यवहार चाहेका छौं भन्ने कुरा स्पष्ट छ। हामी चाहन्छौं, शिक्षक विद्यार्थीप्रति संवेदनशील होऊन्, उत्साहका साथ पढाऊन्, नयाँ कुरा सिक्न तयार होऊन् र विद्यार्थीलाई आत्मविश्वासका साथ अगाडि बढ्न प्रेरित गरून्।तर, यी अपेक्षा पूरा गर्न शिक्षकलाई के चाहिन्छ भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ। शिक्षकको मुस्कान कक्षाकोठामा मात्र खोजेर हुँदैनह त्यो मुस्कानलाई सम्भव बनाउने वातावरण विद्यालय, घर र समग्र शिक्षा प्रणालीमा पनि निर्माण गर्नुपर्छ।सायद, हामीले शिक्षकको अनुहारमा मुस्कान खोज्नुअघि आफूले उनीहरूका लागि कस्तो वातावरण बनाइरहेका छौं भनेर सोच्न आवश्यक छ।किनकि प्रश्न शिक्षक मुस्कुराइरहेका छन् कि छैनन् भन्ने मात्र होइन। प्रश्न त यो पनि हो-हामीले शिक्षकबाट कस्तो शिक्षा चाहेका छौं भन्ने त स्पष्ट छ, तर त्यस्तो शिक्षा दिन सक्ने शिक्षकका लागि हामी कस्तो वातावरण बनाइरहेका छौं?सायद, हाम्रो शैक्षिक बहस यही प्रश्नबाट सुरू हुनुपर्छ। **-सेतोपाटी**

आज राधाष्टमी व्रत, राधा-कृष्णको पूजा आराधना गरिँदै



पाल्पा, कार्तिक १५/ हिन्दू धर्मावलम्बीले आज सोमबार राधाष्टमी व्रत तथा गोरखकाली पूजा मनाउँदैछन् । प्रत्येक वर्ष कार्तिक कृष्ण अष्टमीका अवसरमा मनाइने यस पर्वमा भगवान् श्रीकृष्णकी प्रिय राधाको विशेष पूजा आराधना गर्ने धार्मिक परम्परा रहेको छ ।

धार्मिक मान्यताअनुसार राधा प्रेम, भक्ति र समर्पणकी प्रतीक मानिन्छिन् । राधा र कृष्णको सम्बन्धलाई निःस्वार्थ प्रेम र आध्यात्मिक भक्तिको उदाहरणका रूपमा लिने गरिन्छ । यस दिन व्रत बसी राधा-कृष्णको पूजा आराधना गरेमा मनोकामना पूरा हुने तथा जीवनमा सुख, शान्ति र समृद्धि प्राप्त हुने धार्मिक विश्वास छ ।राधाष्टमीका अवसरमा भक्तजनले बिहानै स्नान गरी शुद्ध भएर व्रत बस्ने, भगवान् राधा-कृष्णको प्रतिमामा फूल, अक्षता, फलफूल तथा नैवेद्य चढाउने र भजनकीर्तन गर्ने प्रचलन छ । कतिपय स्थानमा धार्मिक प्रवचन तथा विशेष पूजाका कार्यक्रमसमेत आयोजना गरिन्छन् ।

यस पर्वले प्रेम, सद्भाव, समर्पण र आध्यात्मिक चेतनाको सन्देश दिने धार्मिक विश्वास गरिन्छ । राधा र कृष्णको आराधनासँगै परिवारमा सुख, शान्ति र आपसी सम्बन्ध सुमधुर बनोस् भन्ने कामना गर्दै भक्तजनले यो पर्व मनाउने गर्छन् । धार्मिक विश्वासअनुसार राधाको स्मरण र आराधनाले मानिसमा प्रेम, करुणा, धैर्य र समर्पणको भावना विकास गराउँछ । राधा र कृष्णको प्रेमलाई भौतिक आकर्षणभन्दा माथि उठेको आध्यात्मिक प्रेमका रूपमा व्याख्या गरिन्छ । त्यसैले यो पर्व धार्मिक आस्था मात्र नभई मानव जीवनमा प्रेम, सद्भाव र निःस्वार्थ भावनाको महत्व बुझाउने अवसरका रूपमा पनि लिइन्छ । यसरी राधाष्टमी व्रतले धार्मिक तथा सांस्कृतिक परम्पराको संरक्षण गर्नुका साथै नयाँ पुस्तालाई मौलिक संस्कार र आध्यात्मिक मूल्यसँग जोड्न सहयोग पुऱ्याउँदै आएको छ ।

खेलकुद समाचार

यू-१५ एशिया कप : नेपाली टोली घोषणा



काठमाडौं, कार्तिक १५/ आउँदो बिहीवार कात्तिक १९ गतेदेखि ओमानमा शुरू हुने १९ वर्षमुनिको एशिया कप क्रिकेटका लागि नेपाली टोली घोषणा भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले आइतबार विपिनप्रसाद शर्माको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो ।

१९ वर्षमुनिको एशिया कपमा नेपाल समूह 'ए' मा रहेको छ । यो समूहमा नेपालसँगै भारत, पाकिस्तान र संयुक्त अरब इमिरेट्स रहेका छन् । यस्तै समूह 'बी' मा अफगानिस्तान, बङ्गलादेश, मलेशिया र श्रीलङ्का रहेका छन् । प्रतियोगिता कात्तिक २८ गतेसम्म चल्नेछ । नेपालले आफ्नो पहिलो खेलमा कात्तिक २० गते भारतसँग खेल्नेछ । नेपाली टोलीमा विपिनकुमार शर्मा,निरजकुमार यादव,प्रसिद्ध जैशी,सोहेल कुँवर,दर्श सोनार,रोहित चन्द,निश्चल क्षेत्री,आशिष लुहार,रोशन शाही,सूर्याँशु कोइराला,अभय यादव,सुशीलबहादुर रावल,निते शकुमार पटेल,शुभम् खनाल,सचिन भट्ट रहेका छन् ।

अर्थ/कर्पोरेट समाचार

सुनको मूल्यमा उच्च गिरावट



पाल्पा, कार्तिक १५/ आइतबार नेपाली बजारमा सुनको मूल्यमा उच्च गिरावट आएको छ । यसदिन सुनको मूल्य ८ हजार ३०० रुपैयाँले घटेको हो ।

नेपाल सुन -चाँदी व्यवसायी महासंघका अनुसार आइतबार सुनको मूल्य ८ हजार ३०० रुपैयाँले घटेर प्रतितोला २ लाख ७२ हजार कायम भएको छ । अघिल्लो साताको अन्तिम दिन शुक्रबार एक तोला सुनको मूल्य २ लाख ८० हजार ३०० पुगेको थियो । सुनको मूल्य घटेसँगै चाँदीको भाउमा पनि गिरावट आएको छ । यसदिन प्रतितोला चाँदी ३ हजार ६५० रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । गत शुक्रबार सोही परिमाणको चाँदी ३ हजार ८ सय २५ रुपैयाँमा कारोबार भएको थियो । सुनको भाउ सामान्यतया विश्व बजारको प्रवृत्ति, नेपाली रुपैयाँ र अमेरिकी डलरबीचको विनिमय दर तथा घरेलु माग अनुसार तय हुन्छ । चाँदीको हकमा औद्योगिक प्रयोग र लगानीको माग पनि असर गर्ने गर्छ, जसले दुवै धातुको भाउमा फरक-फरक गति देखाउन सक्छ । बजारमा सुनको मूल्य बढ्दा घरेलु लगानीकर्ताहरू प्रायः सुनमा सुरक्षित लगानी खोज्छन्, जबकि चाँदीको मूल्यमा औद्योगिक माग र विदेशी बजारको अवस्थाले बढी असर पार्ने गर्छ । दुवै धातुको फरक व्यवहार बुझ्दा लगानी योजना अझ सन्तुलित बन्न सक्छ । कुनै पनि धातु खरिद वा बिक्री गर्नुअघि ग्राहकहरूले आजको भाउ, शुद्धता प्रमाणपत्र र व्यवसायीको वैधता जाँच्न सल्लाह दिइन्छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मूल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.....
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई